# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail{ info@mandavimun.gov.np
mandavimun2073@gmail.com

माण्डवी गाउँपालिका
कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

## करार सेवामा शिक्षक पदपूर्तिका लागि दरखास्त आव्हानको सूचना।

प्रथम पटक प्रकाशित मिति: २०८१/०२/२९

माण्डवी गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा रिक्त रहेको तपशिल बमोजिमको शिक्षक पदमा खुल्ला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा रितपुर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फारम यस कार्यालयको वेबसाइट **www.mandavimun.gov.np** बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

**तपशिल**

**१. पदको विवरण**

| क्र स. | विज्ञापन नं . | पद | तह | विषय | पद संख्या | परीक्षा दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| ०१ | १८/०८०/८१ | गा.पा अनुदान शिक्षक | नि.मा.वि. | विज्ञान | १ (एक) | ७००/- |
| ०२ | १९/०८०/८१ | गा.पा अनुदान शिक्षक | नि.मा.वि | नेपाली | १ (एक) | ७००/- |

**२.आवश्यक न्युनतम शैक्षिक योग्यता**

**विज्ञान विषय:** : नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषय लिई कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको।

**नेपाली विषय:** नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट नेपाली विषय लिई कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको।

**३. आवश्यक कागजात:**

(क) नेपाली नागरिकताको प्रमाण पत्र

(ख) हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो

(ग) शैक्षिक योग्यताको प्रमाण पत्र

(घ) अध्यापन अनुमति पत्र

ङ) दरखास्त दस्तुर बुझाएको नगदी रसिद, उल्लेखित प्रमाण-पत्रका प्रतिलिपिहरू १ प्रति स्वयंम प्रमाणित गरि दरखास्त साथ यस गाउँपालिकाको कार्यालयमा उपस्थित भई पेश गर्न सकिनेछ।

**४. परीक्षाको किसिम:** लिखित र अन्तर्वार्ता ।

**५. दरखास्त दिने अन्तिम मिति:** २०८१/०३/११ गते सम्म सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन।

**६.परीक्षा मिति :** पछि प्रकाशन गरिनेछ।

**७. उमेरको हद:** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

**८. तलब स्केल:** गाउँपालिकाको नियम अनुसार।

**९. करार अवधि :**२०८१ पौष मसान्त सम्म।

**१०. थप जानकारीको लागि सम्पर्क नं :**९८५७८३६००६ मा सम्पर्क गर्न सक्नुहुनेछ।

..................
**प्रकाश पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**